# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## कोशी प्रदेश

# स्थानीय राजपत्र

## लिखु गाउँ कार्यपालिकाद्वारा प्रकाशित

| खण्डः- ७ | संख्याः- ०४ | मितिः- २०८० /०२ /२६ |
|---|---|---|


## भाग-२

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि स्थानीय सेवाका कर्मचारीको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८० लिखु गाउँ कार्यपालिकाद्वारा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### स्थानीय सेवाका कर्मचारीको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८०

नियमावलि नं. - ४४

प्रमाणिकरण मितिः २०८०/०२/२६

**प्रस्तावनाः** संघीय लोक सेवा आयोगबाट सिफारिस भएका, निजामती सेवा तथा अन्य सेवाबाट स्थानीय तहमा समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको लागि तह वृद्धि सम्बन्धमा कोशी प्रदेशको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" मा भएको कानुनी व्यवस्था लाई कार्यन्वयन गर्न वाञ्छनीय भएकोले, गाउँ कार्यपालिकाले सो अध्यादेशको दफा १५४ बमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम लिखु गाउँपालिकाको "स्थानीय सेवाका कर्मचारीको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्दछ।

(ख) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले लिखु गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले लिखु गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ।

(च) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखु गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ज) "कर्मचारी" भन्नाले लिखु गाउँपालिकाको स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका साथै संघीय लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई लिखु गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी समेत लाई जनाउदछ।

(झ) "तह वृद्धि" भन्नाले अध्यादेश तथा यस कार्यविधि बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(ञ) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा (४) बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

(ट) "अख्तियारवाला" भन्नाले स्थानीय सेवामा नियुक्ती पदस्थापन र अवकासको निर्णय गर्ने समिति तथा अधिकारीलाई सम्झनु पर्दछ।

(ठ) "स्थानीय तह" भन्नाले कोशी प्रदेश भित्रका स्थानीय तहहरुलाई सम्झनु पर्दछ।

**३. सूचना प्रकाशन गर्नेः** (१) तह वृद्धिका लागि सूचना कम्तीमा एक महिना अगावै वेभसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ। (२) उपनियम (१) बमोजिम सूचना प्रकाशन भए पश्चात् तह वृद्धि हुन योग्यता पुगेका कर्मचारीले यस कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित कार्यलय समक्ष निवेदन पेश गर्नु पर्नेछ।

**४. सिफारिस समितिः** गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना बरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति हुनेछ।

**५. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:** स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन बर्ष कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक

योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उप समूहभित्र तह वृद्धि गरिनेछ;

| क्र.स. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

६. **तह वृद्धि सम्बन्धी बिशेष व्यवस्था :** (१) अध्यादेशको दफा ८(१४) बमोजिम तह वृद्धि हुने कर्मचारीहरुको प्रमुख प्रशासकीय अधिकृतले यसै कार्यविधि बमोजिम तह वृद्धिको निर्णय गरी नियुक्तिपत्र दिनेछ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ बर्ष पुरा गरेका पाँचौं तथा सातौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी नियम ४ बमोजिमको सिफारिस समितिको निर्णयबाट क्रमशः छैटौं तथा आठौं तहमा एक तह वृद्धि गरिनेछ।

(३) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरि दिने। यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नुपर्नेछ।

(४) यस स्थानीय तहमा अर्को स्थानीय तहबाट खटिएर आएका उपनियम (२) बमोजिमका कर्मचारीको हकमा उपनियम (२) बमोजिम नै हुनेछ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ।

(६) नियम ३ को उपनियम (२) बमोजिम पेश भएको निवेदन उपर अख्तियारवालाले अध्यादेश तथा यस कार्यविधि बमोजिम आवश्यक मूल्यांकन गरी अनुसूची-२ को ढाँचामा तह वृद्धिको नियुक्ति पत्र दिनु पर्नेछ।

७. **जेष्ठता कायम:** तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक बर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ।

८. **बाधा अड्काउ फुकाउने**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ।

९. **तहवृद्धि गर्न नहुने**: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवा हुन पाउने छैन।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तिन वर्षको अवधिभर,

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

१०. **जानकारी दिनु पर्ने :** यस कार्यविधि बमोजिम गरेको बढुवा र तह वृद्धि/मिलानको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

११. **उजुरी/गुनासो :** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

१२. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची - १

(कार्यविधिको दफा (३) सँग सम्बन्धित)

## तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लिखु गाउँ कार्यपालिकाको कार्यालय, ओखलढुंगा ।

**विषय : तह वृद्धि गरी पाउँ ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको मिति २०८०/ / गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**तपसिल**

क) स्थायी नियुक्तिको पत्र ।

ख) बढुवा/तह वृद्धि भएको पत्र । (दफा ८(१६) को हकमा नपर्ने)

ग) समायोजन पत्र । (समायोजन भएका कर्मचारीको हकमा मात्र)

घ) नेपाली नागरिकताको प्रमाण पत्र ।

ङ) न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र ।

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मिति |
| पदः | हालको पदमा तहवृद्धी/बढुवा मिति |
| तह: | समायोजन मिति |
| सेवा: | कर्मचारी संकेत न. |
| समुह: | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक:**

नाम :

दस्तखत :

क.सं. नम्बर :

अनुसूची २

(कार्यविधिको दफा (६) सँग सम्बन्धित)

## तह वृद्धि पत्रको ढाँचा

मितिः २०८०/ /

**विषय: तह वृद्धि गरिएको ।**

महाशय,

तपाईलाई कोशी प्रदेश,स्थानीय सेवा ( गठन तथा सञ्चालन)अध्यादेश,२०८० को दफा ४/८ को उपदफा ५/१६ र यस लिखु गाउँ कार्यपालिकाको कार्यालयको मिति....................को निर्णय अनुसार, नियमानुसार जेष्ठता कायम हुने गरी स्थानीय सेवामा तपशिल बमोजिम तहका तहवृद्धि गरिएको छ ।

----तहमा कायम हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना । तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकार प्रति कर्तव्यनिष्ठ भई प्रचलित कानुनको परिधिमा रहेर पारदर्शी, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र उर्जाका साथ कार्यसम्पन्न गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

तपसिल :

| **हाल कार्यरत पद** | **तह वृद्धि गरेको पद** |
|---|---|
| पद: | पद: |
| तहः | तहः |
| सेवा: | सेवा:: |
| समुह: | समुह |
| कार्यरत कार्यालय : | कार्यरत कार्यालय : |

**श्री ...............**

कर्मचारी सकेत नम्बर

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।

श्री राष्ट्रिय किताबखाना, पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ्ग ।

श्री प्रदेश किताबखाना, विराटगनगर मोरङ्ग ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुंगा ।

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग।
श्री आर्थिक प्रशासन शाखा, लिखु गाउँ कार्यपालिको कार्यालय।

आज्ञाले

लिलाराज श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०८०/०२/२६